नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

तौलिहवा, कपिलवस्तु

सम्पर्क : ०७६-५६००५१

daokapilvastu@gmail.com

**पत्र संख्या: ०८३/०८४**

**चलानी नं.:**

गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय कपिलवस्तु

## उच्च सतर्कता लागि जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुको अनुरोध !

राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार काठमाडौँबाट मिति २०८३/०७/०९ गते प्रकाशित उच्च सतर्कता अपनाउने सूचना अनुसार बंगालको खाडीमा सिर्जित 'अर्नब' चक्रवातको प्रभाव आगामी कार्तिक १२ गते बिहिबार रातीबाट नेपालमा हुने देखिएको छ। कार्तिक १३ र १४ गते लुम्बिनी प्रदेश लगायतका स्थानहरु समेत बढी प्रभावित हुने एवं यस क्षेत्रमा चट्याङ्ग हावाहुरी सहित वर्षाको सम्भावना समेत रहेकोले सो अवधिभर उच्च सतर्कता अपनाउनु हुन र पूर्वतयारीका लागि निम्न कार्य गर्नु गराउनु हुन सम्बन्धित सबैमा अनुरोध छ।

- धानबाली काट्ने, भित्राउने लगायतका कृषि कार्य कार्तिक १२ गते अगाडी नै गर्ने/गराउने।
- सडक तथा हवाई यातायात लगायत दैनिक जनजीवन प्रभावित हुनसक्ने भएकोले आवश्यक सतर्कता अपनाउने। सो अवधिभर अत्यावश्यक नपरी यात्रा नगर्ने/नगराउने।
- जोखिमयुक्त स्थानमा बसोबास गर्ने व्यक्ति एवं घर परिवार सुरक्षित स्थानमा स्थानान्तरण गर्ने/गराउने।
- सुरक्षा निकाय, स्थानीय तह, अत्यावश्यक सेवा प्रवाह गर्ने निकाय, रेडक्रस, स्वयंसेवक लगायत सरोकारवाला सबै निकायले आम सर्वसाधारणलाई जोखिमबारे सुसूचित गर्ने, गराउने । उपलब्ध जनशक्ति, दमकल, एम्बुलेन्स, डोजर लगायत स्रोत साधन तत्कालै परिचालन हुन सक्ने गरी तयारी अवस्थामा राख्ने।
- नेपाल मौसम विज्ञान विभाग लगायत आधिकारिक निकायबाट जारी हुने अद्यावधिक पूर्वानुमान / पूर्वसूचना / चेतावनी पालना गर्ने गराउने।
- मौसम सम्बन्धी जानकारीको लागि ११५५, विपदमा मद्दत माग्न १२३४ वा १०० वा १११४ मा सम्पर्क गर्ने।

मिति: २०८३ कार्तिक १० गते मंगलबार

२०८३।०७।१०

भविश्वर घिमिरे

सहायक प्रमुख जिल्ला अधिकारी